# नागरिक लगानी कोष

**नयाँ बानेश्वर, काठमाण्डौ ।**

## सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी नीति तथा कार्यविधि, २०७६

**प्रस्तावना :** नागरिक लगानी कोष ऐन, २०४७ तथा ब्यबस्थापन विनियमावली, २०४८(सातौ शंसोधन) बमोजिम कोषले विभिन्न कार्यक्रम तथा योजनाहरु संचालन गरिरहेको सन्दर्भमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण ऐन नियम एवं सोसंग सम्बन्धित निर्देशनको प्रभावकारी कार्यान्वयन गर्न गराउन संचालक समितिले ब्यबस्थापन विनियमावली, २०४८(सातौं संशोधन) को दफा ३२ बमोजिम देहायको नीति तथा कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

### परिच्छेद - १
### संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

१.१ **संक्षिप्त नाम र प्रारम्भ : (क)** यस नीति तथा कार्यबिधिको नाम "सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी नीति तथा कार्यविधि, २०७६" रहेको छ ।

**(ख)** यो नीति तथा कार्यविधि सञ्चालक समितिबाट स्वीकृत गरी जारी गरिएको मितिबाट प्रारम्भ हुनेछ ।

१.२ **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नीतिमा;

**(क)** "ऐन" भन्नाले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ सम्झनु पर्दछ ।

**(ख)** "कोष" भन्नाले नागरिक लगानी कोष ऐन, २०४७ बमोजिम स्थापना भएको नागरिक लगानी कोष सम्झनु पर्दछ ।

**(ग)** "समिति" भन्नाले नागरिक लगानी कोष ऐन, २०४७ को दफा २५ बमोजिम गठन भएको कोषको सञ्चालक समिति सम्झनु पर्दछ ।

**(घ)** "सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी अनुगमन उपसमिति" भन्नाले कोषको संचालक समितिले गठन गरेको सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी अनुगमन उपसमिति सम्झनु पर्दछ ।

**(ङ)** "कार्यकारी निर्देशक" भन्नाले नागरिक लगानी कोष ऐन, २०४७ को दफा ४२ बमोजिम नियुक्त कोषको कार्यकारी निर्देशक सम्झनु पर्दछ ।

**(च)** "सामुहिक लगानी कोष" भन्नाले प्रचलित धितोपत्र ऐन बमोजिम स्वीकृत योजना व्यवस्थापकले संचालन गरेको लगानी कोष, एकांक कोष वा समयसमयमा धितोपत्र बोर्डले तोकिदिएको अन्य सहभागितामुलक कोष व्यवस्थापन कार्यक्रम सम्झनु पर्दछ ।

**(छ)** "पुँजीबजार" भन्नाले धितोपत्र खरिदकर्ता तथा बिक्रेतालाई एकै ठाउँमा ल्याई निरन्तर रुपमा धितोपत्रको खरिद, बिक्री वा विनिमय कार्य सम्पन्न गर्ने बजार, स्थान वा सुविधा सम्झनु पर्छ ।

(ज) "वित्तीय जानकारी इकाई" भन्नाले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिम गठन भएको वित्तीय जानकारी इकाई सम्झनु पर्दछ ।

(झ) "ग्राहक/सहभागी" भन्नाले कोषद्वारा संचालित विभिन्न कार्यक्रम एवं योजनाहरुमा सहभागी व्यक्ति वा प्रतिष्ठानलाई सम्झनु पर्दछ ।

(ञ) "कर्मचारी" भन्नाले कोषबाट मासिक रुपमा तलव तथा भत्ता बुझ्ने श्रमशक्तिलाई सम्झनु पर्छ ।

## परिच्छेद - २

## नीति तथा कार्यविधि निमार्णका आधार एवं उद्देश्य

२.१ यो नीति तथा कार्यविधि निर्माणका आधारहरु देहाय बमोजिम रहेका छन् ।

(क) सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरीङ्ग) निबारण ऐन, २०६४ ।

(ख) सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरीङ्ग) निबारण सम्बन्धी नियमावली, २०७३ ।

(ग)) सम्पत्ति शुद्धीकरण (सुचिकृत व्यक्ति, समूह, वा संगठनको सम्पत्ति, वा कोष रोक्का) नियमावली, २०७० ।

(घ) वित्तीय जानकारी इकाईको शंकास्पद, सीमा कारोवार सम्बन्धी निर्देशनहरु ।

(ङ) नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशनहरु ।

(च) नेपाल धितोपत्र बोर्डका निर्देशनहरु ।

(छ) सम्पत्ति शुद्धीकरण तथा आतंकबादी कृयाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय/ अन्तर्राष्ट्रिय अभ्यासहरु ।

२.२ यो नीति तथा कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

(क) सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कृयाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी ऐनको पालना प्रभावकारी रुपमा गर्ने/गराउने ।

(ख) कोषलाई आपराधिक कार्य तथा गैर कानुनी आर्जनको शुद्धीकरण हुने माध्यमको रुपमा प्रयोग हुनबाट जोगाउने ।

(ग) मुलुकको अपराध बिरुद्धको अभियानलाई कोषको तर्फबाट सहयोग पुर्‍याई अपराध नियन्त्रण र सुशासन कायम गर्ने अभियानमा टेवा पुर्‍याउने ।

(घ) माथि उल्लेखित उद्देश्यहरु पुरा गर्न संस्थागत तथा जनशक्तिको समयसापेक्ष क्षमता विकास गर्ने ।

## परिच्छेद - ३

## आन्तरिक व्यवस्थापन तथा नियन्त्रण प्रणाली

३.१ कोषको व्यवसायिक काममा संलग्न विभाग, महाशाखा तथा फाँटमा कार्यरत कर्मचारीहरुको नीति तथा कार्यविधि कार्यान्वयन गर्ने सम्बन्धमा देहाय बमोजिम काम, कर्तव्य र अधिकार हुने छन् ।

(क) यो नीति तथा कार्यविधि बमोजिमका कार्यहरु सम्पादन गर्ने,

(ख) सम्बन्धित कानून तथा यस नीति तथा कार्यविधि बमोजिमका सीमा तथा शंकास्पद कारोबारको सूचना तयार गरी कार्यान्वयन अधिकारी समक्ष पेश गर्ने,

(ग) नीति तथा कार्यविधि सम्बन्धी बार्षिक कार्यक्रममा समावेश गर्नु पर्ने बिषय तयार गरी कार्यान्वयन अधिकारी समक्ष पेश गर्ने,

(घ) सम्बन्धित अधिकारीले तोकेका अन्य कार्यहरु गर्ने ।

३.२ ऐनको दफा ७ (त) को उपदफा ३ बमोजिम ऐन, नियमावली र निर्देशन बमोजिमको दायित्व पुरा गर्न कार्यकारी निर्देशकले व्यवस्थापन स्तरको कर्मचारीलाई कार्यान्वयन अधिकारी (कम्प्लायन्स अफिसर) तोक्न सक्ने छ ।

३.३ कार्यान्वयन अधिकारीको काम, कर्तव्य तथा अधिकार ऐनको दफा ७ (त) को उपदफा ४ बमोजिमको अतिरिक्त देहाय बमोजिम हुने छ ।

(क) ऐन, नियमावली र यस निर्देशन बमोजिमको कार्य प्रभावकारी रुपमा सम्पन्न गर्न सम्पर्क बिन्दुको रुपमा काम गर्ने ।

(ख) जोखिम मूल्यांकन गर्ने/गराउने, सो अद्यावधिक गर्ने र जोखिम मूल्यांकन बमोजिम आवश्यक नीतिगत, संस्थागत तथा कार्यान्वयन तहमा सुधारको खाका बनाई पेश गर्ने ।

(ग) ऐन, नियमावली र यस नीति तथा कार्यबिधि बमोजिम प्राप्त अस्वाभाविक वा शंकास्पद कारोबार सम्बन्धी सूचना विश्लेषण तथा जाँचबुझ गर्ने ।

(घ) आफ्नो कार्य सम्पादन गर्न अन्य विभाग वा पदाधिकारी संग विशेषज्ञ सेवा लिन वा आवश्यक जुनसुकै कागजात, विवरण वा सूचना निर्वाध रुपमा जुनसुकै बखत प्राप्त गर्न सक्ने ।

(ङ) ऐन, नियमावली तथा यस नीति तथा कार्यविधि बमोजिमका कार्यहरु कार्यान्वयन भए, नभएको बिषयमा अनुगमन गर्ने ।

(च) उच्च पदस्थ व्यक्ति, सूचिकृत व्यक्ति, समूह, संगठन लगायतको अद्यावधिक सूची कायम गर्ने ।

(छ) उच्च पदस्थ र आवश्यक भए नीजको परिवार सम्बद्ध व्यक्तिको कोषसंगको सहभागिता तथा कारोबारको विवरण तयार गरी जोखिम बिश्लेषण गर्ने ।

(ज) आफ्नो कार्य सम्पादन गर्न कोषका अन्य विभाग वा पदाधिकारीसँग विशेषज्ञ सेवा लिने वा आवश्यक जुनसुकै कागजात, विवरण वा सूचना जुनसुकै बखत प्राप्त गर्ने ।

(झ) उच्च जोखिम वर्गमा परेको सहभागी सदस्य सम्बन्धी निर्णय गर्ने, छुट्टै अभिलेख राख्ने र अनुगमन गर्ने/गराउने ।

(ञ) कारोबारको प्रतिवेदन तयार गरी तोकिएको समयमा नियामक निकायमा पेश गर्ने ।

(ट) ऐन, नियमावली तथा निर्देशन बमोजिम तयार वा पेश गरेको सीमा वा शंकास्पद कारोबारको प्रतिवेदनको सूचना वा जानकारी, सम्बन्धित निकाय बाहेक अन्य कसैले प्राप्त गर्न नसक्ने व्यवस्था गर्ने ।

(ठ) शंकास्पद कारोबार प्रतिवेदनको गोप्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउने ।

(ड) नीति तथा कार्यविधि बमोजिमका काम कारवाही प्रभावकारी भए नभएको अनुगमन गरी सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी अनुगमन उपसमितिमा प्रतिवेदन पेश गर्ने ।

३.४ कोषले सम्पति शुद्धीकरण तथा आतंकवादी कृयाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी कामलाई ब्यवस्थित गर्न व्यवस्थापकिय तहको कर्मचारी प्रमुख रहने गरी सो सम्बन्धी एक अलग्गै इकाई खडा गर्ने छ ।

३.५ यस नीति तथा कार्यविधिमा उल्लेखित कार्यहरु कार्यान्वयन भए नभएको विषयमा अनुगमन गर्न देहाय बमोजिमको सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी अनुगमन उपसमिति गठन हुनेछ ।

| | | |
|---|---|---|
| (क) | समितिले तोकेको सञ्चालक १ जना | - संयोजक |
| (ख) | कोषको कार्यकारी निर्देशक | - सदस्य |
| (ग) | नायव कार्यकारी निर्देशक १ जना | - सदस्य |
| (घ) | कार्यान्वयन अधिकारी | - सदस्य |
| (ङ) | दफा ३.४ बमोजिमको इकाई प्रमुख | - सदस्य सचिव |

उपसमितिले आवश्यकता अनुसार अन्य कर्मचारी तथा विज्ञलाई आमन्त्रित गर्न सक्ने छ ।

३.५.१ उप समितिको बैंठक भत्ता आार्थिक कार्यबिधि विनियमावली, २०६८ ले तोके बमोजिम हुनेछ ।

३.५.२ उपसमितिको बैंठक महिनामा कम्तिमा एक पटक बस्नु पर्ने छ ।

३.६ उप समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

(क) ऐन, नियम, निर्देशन तथा यो नीति तथा कार्यविधि बमोजिमका कार्य गर्न गराउन जिम्मेवारी तोक्ने,

(ख) जोखिम मुल्यांकन गराई जोखिमका आधारमा काम कारवाही हुने व्यवस्था गर्ने,

(ग) आवश्यक स्रोत साधनको व्यवस्था गर्ने,

(घ) पदाधिकारी तथा कर्मचारीलाई आवश्यक तालिम तथा अभिमुखिकरण कार्यक्रम संचालन गर्ने,

(ङ) लेखापरीक्षण, कार्यान्वयन परीक्षण तथा अनुगमनबाट प्राप्त कैफियत सुधार गर्ने/गराउने,

(च) सम्बन्धित ऐन, नियम तथा यस नीति तथा कार्यविधि बमोजिम कार्य नगर्ने वा गलत कार्य गर्ने पदाधिकारी वा कर्मचारीलाई प्रभावकारी, अनुपातिक तथा निरोधात्मक कार्वाही गर्ने,

(छ) सम्पादित कार्य प्रभावकारी रहे/नरहेको सम्बन्धमा कम्तीमा चौमासिक रुपमा समीक्षा, मूल्यांकन तथा अनुगमन गरी आवश्यक सुधार गर्ने गराउने,

(ज) बार्षिक कार्यक्रम तथा प्रतिवेदनमा यस नीति तथा कार्यविधिसँग सम्बन्धित विषय समावेश गर्ने,

(झ) सम्पादित कामहरुको चौमासिक प्रगति प्रतिवेदन समिति समक्ष पेश गर्ने ।

३.७ कोषले कम्तिमा बर्षको एकपटक देहाय बमोजिमको सहभागीता रहने गरी देहाय बमोजिमको संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम आयोजना गर्ने छ ।

(क) कोषको चुक्ता पूँजीको २ प्रतिशत वा सो भन्दा बढी शेयर स्वामित्व भएका शेयरधनी, संचालक समितिका सदस्यहरु तथा उच्च व्यवस्थापनलाई नीति तथा कार्यविधि सम्बन्धी विषयमा ज्ञान आदान प्रदान कार्यक्रम संचालन गर्ने ।

(ख) कर्मचारीको क्षमता अभिबृद्धिका लागि तालिम तथा अनुशिक्षण कार्यक्रममा सहभागी गराउने ।

(ग) कार्यान्वयन अधिकारी र AML/CFT Unit को कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा संलग्न अन्य कर्मचारीहरुलाई AML/CFT बिषयमा उपयुक्त स्वदेशी तथा बैदेशिक तालिम कार्यक्रममा सहभागी गराउने ।

## परिच्छेद - ४

## ग्राहकको पहिचान तथा कारोबार सम्बन्धी व्यवस्था

४.१ ग्राहकको पहिचान : कोषका विभिन्न कार्यक्रम/योजनाको कार्यविधि बमोजिम सहभागी हुन योग्य वा भएका प्राकृतिक वा कानुनी ब्यक्तिको पहिचान तथा सोको जाचबुँझ देहाएका अवस्थामा गरिने छ ।

(क) व्यवसायिक सम्बन्ध स्थापना गर्दा,

(ख) खाता खोल्दा,

(ग) तोकिएको रकम भन्दा बढीको कारोबार गर्दा,

(घ) आकस्मिक कारोबार हुँदा,

(ङ) विद्युतीय माध्यमबाट कोष स्थानान्तरण (वायर ट्रान्सफर) गर्दा,

(च) ग्राहकको पहिचानको लागि पहिले लिएको जानकारीको सत्यता वा पर्याप्ततामा शङ्का लागि थप सम्पुष्टि गर्नु पर्दा,

(छ) सम्पत्ति शुद्धीकरण वा आतङ्कवादी कृयाकलापमा वित्तीय लगानी भएको शङ्का लागि थप सम्पुष्टि गर्नु पर्दा,

(ज) उच्च जोखिमयुक्त ग्राहकसंग कारोबार गर्दा,

(झ) उच्चपदस्थ/राजनैतिक व्यक्तिसंग कारोबार गर्दा, वा

(ञ) नियमनकारी निकायले तोकिदिएको अन्य कुनै कार्य गर्दा ।

४.२ कोषले ग्राहकको पहिचान गर्दा ग्राहकसंग लिनु पर्ने कागजात अनुसुचि १ मा तोकिए बमोजिम हुनेछ ।

४.३ सदस्य पहिचान तथा जाँचबुझ जोखिमको आधारमा हुने : सदस्यको पहिचान तथा जाँचबुझ गर्दा जोखिमको आधारमा मापदण्ड तय हुनेछ । जोखिम वर्ग अनुसार मापदण्ड फरक हुन सक्नेछन् ।

४.४ कोषले आफ्ना ग्राहकको सही रुपमा पहिचान तथा सोको सम्पुष्टि गर्न देहाय बमोजिमका उपाय अवलम्वन गर्ने छ ।

(क) कारोबार वा व्यवसायिक सम्बन्ध तथा सोको उद्देश्य वा प्रकृतिको बारेमा उपयुक्त सूचना तथा जानकारी लिइने,

(ख) ग्राहक प्राकृतिक व्यक्ति भएमा दफा ४.२ बमोजिम तोकिएका कागजात समेतका आधारमा निजको नाम, ठेगाना र जन्ममिति लगायतका विवरण प्राप्त गर्ने,

(ग) ग्राहक कानूनी व्यक्ति वा कानूनी प्रबन्ध भएमा दफा ४.२ बमोजिमको विवरण तथा कागजात समेतका आधारमा सोको स्वामित्व तथा नियन्त्रण पद्धतिको बारेमा सूचना तथा जानकारी लिने तथा सम्पुष्टि गर्ने,

(घ) अन्य व्यक्तिको तर्फबाट व्यवसायिक सम्बन्ध स्थापना वा कारोबार गर्ने भएमा जसका तर्फबाट त्यस्तो सम्बन्ध वा कारोबार गर्न खोजिएको हो निज तथा निजको तर्फबाट काम गर्ने व्यक्तिको पहिचान तथा सम्पुष्टि गर्ने र अख्तियारनामा सहितको कागजात लिइने,

(ङ) यस परिच्छेद बमोजिमको दायित्व पूरा गर्न ग्राहक, कारोबार वा व्यवसायको प्रकार तथा प्रकृतिका सम्बन्धमा आवश्यक अन्य सूचना तथा जानकारी लिइने,

(च) नियमनकारी निकायले तोकिदिएका अन्य उपाय अवलम्बन गर्ने ।

४.५ उच्चपदस्थ/राजनैतिक व्यक्तिको पहिचान सम्बन्धी विशेष व्यवस्था : देहायका सहभागीलाई उच्च पदस्थ व्यक्तिको वर्गमा राखिने छ ।

**(क)** **स्वदेशी उच्चपदस्थ व्यक्ति** : राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, प्रतिनिधि सभाको सभामुख, राष्ट्रिय सभाको अध्यक्ष, प्रदेश प्रमुख, नेपाल सरकारका मन्त्री, प्रदेश सरकारका मुख्य मन्त्री, संघीय संसदका सदस्य, संवैधानिक निकायको पदाधिकारी, प्रदेश सभाका सभामुख, प्रदेश सरकारका मन्त्री, नेपाल सरकार विशिष्ट श्रेणी वा सो सरहका वा सो भन्दा माथिका पदाधिकारी, उच्च अदालतको न्यायाधिश वा सोभन्दा माथिल्लो तहको न्यायाधिश, प्रदेश सभाका उपसभामुख, प्रदेश सभाका सदस्य, राष्ट्रियस्तरको राजनीतिक दलको केन्द्रीय पदाधिकारी, जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुख, नगरपालिकाका प्रमुख तथा उपप्रमुख, गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थाको उच्च पदाधिकारी वा त्यस्तो जिम्मेवारी भएको वा पाएको व्यक्ति ।

**(ख)** **विदेशी उच्च पदस्थ व्यक्ति** : विदेशी राष्ट्रको कुटनैतिक अधिकारीको रुपमा काम गर्ने नेपाली नागरिक,

**(ग)** **अर्न्तराष्ट्रिय उच्च पदस्थ व्यक्ति** : अर्न्तराष्ट्रिय संस्थाको व्यवस्थापनको उच्च जिम्मेवारी पाएका संचालक सदस्य, व्यवस्थापक, निर्देशक, उपनिर्देशक वा सो सरहको जिम्मेवारी भएको वा पाएको नेपाली नागरिक,

(घ) उच्च पदस्थ व्यक्तिको परिवारको सदस्य वा सम्बद्ध व्यक्ति,

(ङ) उच्च पदस्थ व्यक्ति वास्तविक धनी भएको कारोबार ।

४.६ उच्च पदस्थ व्यक्तिको पहिचान तथा जोखिम मुल्याङ्कन गर्दा देहाय बमोजिमका उपाय समेत अवलम्बन गरिनेछ ।

(क) उच्च पदस्थ व्यक्तिको सूची अध्यावधिक गर्ने,

(ख) सहभागीको विवरण नियमित रुपमा अध्यावधिक गर्ने,

(ग) उच्च पदस्थ व्यक्ति थपघट भएको अवस्थामा तत्काल पहिचान गर्ने,

(घ) उच्च पदस्थ व्यक्तिको परिवार तथा सम्बद्ध व्यक्ति पहिचान गर्ने,

(ङ) उच्च पदस्थ व्यक्तिको पदीय हैसियत र संलग्नता बमोजिमको जोखिम पहिचान गर्ने,

(च) वास्तविक धनीको पहिचान पद्धति अवलम्बन गर्ने ।

४.७ उच्च पदस्थ व्यक्तिको पहिचान तथा सोको जाँचबुझको प्रक्रिया देहाय बमोजिम हुनेछ ।

(क) ग्राहकबाट सुचना लिने वा स्वःघोषणा गर्न लगाउने,

(ख) सार्वजनिक रुपमा उपलब्ध हुने सुचना ग्रहण गर्ने,

(ग) सामाजिक संजालमा उपलब्ध  सुचनाहरुको विश्लेषण गर्ने,

(घ) व्यवसायिक रुपमा उपलब्ध तथ्याङ्क लिने,

(ङ) नेपाल सरकार वा तोकिएका संस्था/निकायहरुबाट कम्तिमा पनि वार्षिक रुपमा सूची माग गरी उच्चपदस्थ/राजनैतिक व्यक्तिको सूची तयार गर्ने,

(च) उच्चपदस्थ/राजनैतिक व्यक्तिको अभिलेख नीज पदवाट अवकाश भएको मितिले ५ बर्षसम्म कायम राख्नु पर्नेछ।

४.८ कोषले ग्राहक वा वास्तविक धनीको रुपमा रहेका विदेशी उच्चपदस्थ/राजनैतिक व्यक्ति र व्यावसायिक कारणले उच्च जोखिमयुक्त देखिएको अन्तर्राष्ट्रिय संस्थाको उच्चपदस्थ/राजनैतिक व्यक्ति वा स्वदेशी उच्चपदस्थ/राजनैतिक व्यक्तिसँग व्यावसायिक सम्बन्ध स्थापना गर्दा वा कारोबार गर्दा देहायको अतिरिक्त उपाय समेत अपनाउनु पर्नेछ :-

(क) व्यावसायिक सम्बन्ध स्थापना गर्नु अघि कोषको व्यवस्थापन हेर्ने उच्च अधिकारीको स्वीकृति लिने,

(ख) ग्राहक वा वास्तविक धनीको सम्पत्ति तथा नागरिक लागनी कोषमा जम्मा भएको बचतको स्रोत स्वःघोषणा गराउने ।

४.९ उच्चपदस्थ/राजनैतिक व्यक्तिका परिवार वा नजिकको सम्बन्ध भएका व्यक्तिहरुको सूचना तथा जानकारी कोषले जोखिमको आधारमा वा आवश्यकता अनुसार लिन सक्नेछ ।

## परिच्छेद - ५

## विद्यमान ग्राहकको पहिचान अद्यावधिक गर्नुपर्ने

५.१. कोषले ऐनको दफा ७ (छ) को उपदफा (१) बमोजिम विद्यमान ग्राहक तथा वास्तविक धनीको पहिचान तथा सम्पुष्टि अद्यावधिक गर्दा देहाय बमोजिम गरिने छ ।

(क) उच्च जोखिम देखिएको ग्राहकको कम्तीमा बर्षमा एक पटक,

(ख) ग्राहक पहिचान विवरण अनुसार कारोवार मेल नखाएको अवस्थामा तत्काल,

(ग) ग्राहक पहिचानको कार्य पुरा नभएको अवस्थामा तत्काल,

(घ) ग्राहक पहिचान विवरणमा उल्लेखित सूचना जानकारी तथा तथ्यांकको सत्यता वा पर्याप्तताको बारेमा कोषलाई शंका लागेको अवस्थामा तत्काल,

(ङ) अन्य जोखिम भएको अवस्थामा जोखिम सापेक्ष हुने गरी कोषले निर्धारण गरे बमोजिम ।

५.२ कोषको कुनै पदाधिकारी वा कर्मचारीले ग्राहकको बारेमा प्रत्यक्ष वा अप्रत्यक्ष, औपचारिक वा अनौपचारिक रुपमा प्राप्त सूचनाको विश्लेषण गरी ग्राहक पहिचानलाई अद्याबधिक गर्नु पर्ने छ ।

५.३ पुरानो ग्राहक पहिचान अद्याबधिक गर्दा आफुसंग भएको पूर्व सूचना वा कागजात बाहेक परिवर्तन भएको वा हुन सक्ने र नयाँ विवरण तथा कागजात मात्र सम्बन्धित ग्राहकसंग माग गर्नुपर्ने छ । साथै,

ग्राहक स्वयंम उपस्थित भई उपलब्ध गराउनु पर्ने वा अद्यावधिक गराउनु पर्ने विवरण बाहेक अन्य विवरणहरु कोषले अन्य उपयुक्त माध्यमबाट लिन सक्नेछ ।

५.४ ग्राहकको विवरण अद्यावधिक गर्दा बित्तीय जानकारी इकाइलाई दिनुपर्ने न्युनतम सूचना वा जानकारी लिनु पर्नेछ ।

५.५ ग्राहक पहिचान अद्यावधिक गर्ने क्रममा यथासम्भव प्रयास गर्दा समेत सम्पर्क हुन नसकेका ग्राहकको छुट्टै विवरण तयार गर्नुपर्ने छ ।

५.६ प्रत्येक पटक ग्राहक पहिचान फारम भराउदा ग्राहकको जोखिमको आधारमा आवश्यक पर्ने थप विवरणहरु माग गरी ग्राहक पहिचान व्यवस्थाको अद्यावधिक गर्नु पर्ने छ ।

## परिच्छेद - ६

## जोखिम व्यवस्थापन र मूल्याङ्कनको आधार

६.१ कोषले ऐनको दफा ७ (घ) बमोजिम जोखिमको पहिचान, मुल्याकंन तथा व्यवस्थापन गर्दा देहाय बमोजिमको बिषयलाई समेत आधार लिनेछ ।

(क) राष्ट्रिय तथा क्षेत्रगत जोखिम मुल्याकंन सम्वन्धी प्रतिवेदन,

(ख) सम्पती सुद्धिकरण तथा आतंकबादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धमा कुनै प्रतिष्ठित अन्तर्राष्ट्रिय संस्थाले गरेको अध्ययन तथा अनुसन्धानको प्रतिवेदन,

(ग) व्यवसायिक सम्बन्ध, सीमा र प्रकृति,

(घ) ग्राहक सम्बन्धी जोखिम हुन सक्ने संभाव्य बिषयहरु :-

१) ग्राहक, वास्तविक धनीको प्रकार, प्रकृति र संख्या

२) अस्वभाविक अवस्थामा कायम गरिएको व्यवसायिक सम्बन्ध

३) गैर आवासीय ग्राहक

४) व्यक्तिगत सम्पत्ति बहन गर्ने कानुनी व्यक्ति वा कानुनी प्रबन्ध

५) मनोनित (नोमिनी) शेयर धनी वा धारक धितोपत्र वा अस्वभाविक र जटिल प्रकृतिको स्वामित्व संरचना भएको कानुनी व्यक्ति वा प्रबन्ध

६) जोखिम सापेक्ष अन्य बिषयहरु ।

(ङ) ग्राहक पहिचान गर्दा ग्राहक एकीकृत पहिचान पद्धति अबलम्वन गरे नगरेको सुनिश्चत गर्ने । फरक फरक सेवा सुबिधा लिने ग्राहकको आवश्यकता अनुसारको थप विवरण समेत एकै ठाउँमा थप गर्न सकिने गरी आवश्यक व्यवस्था गर्ने ।

(च) कोषले जोखिम मुल्याङ्कन गरी सोको अद्यावधिक अभिलेख राख्नुपर्ने छ र त्यस्तो अभिलेख नेपाल धितोपत्र बोर्ड र वित्तीय जानकारी इकाई र अन्य सम्बद्ध निकायले माग गरेमा त्यस्तो निकायलाई समेत उपलब्ध गराउनु पर्ने छ ।

(छ ) जोखिम मुल्याकंन गर्दा उच्च जोखिम देखिएका ग्राहकको हकमा बृहत ग्राहक पहिचानको उपाय अवलम्वन गर्नुपर्ने छ ।

## परिच्छेद - ७

## प्रतिवेदन

७.१ कोषले यो नीति तथा कार्यविधि बमोजिम सम्पादन गरेका कार्यहरुको प्रतिवेदनहरु नियमनकारी निकायहरुले तोकेको समय भित्र सम्बन्धित नियमनकारी निकायहरुमा  पठाउने छ ।

७.२ कुनै पनि ग्राहकले एकै पटक वा पटक पटक गरी एक दिनमा दश लाख रुपैयाँ वा सो भन्दा बढीको एकांक खरीद बिक्री, अवकाश भुक्तानी वा अन्य कारोबार गरेमा कोषले सोको विवरण निर्धारित ढाँचामा त्यस्तो कारोबार भएको मितिले पन्ध्र दिन भित्र वित्तीय जानकारी एकाइमा पठाइनेछ ।

७.३ ऐनको दफा ७ (ध) बमोजिम कुनै अवस्था विद्यमान भएमा कोषले वित्तीय जानकारी एकाईबाट तोकिए बमोजिम शंकास्पद कारोबार सम्बन्धी प्रतिवेदन तयार गरी तीन दिन भित्र अनुसुचि ४ को ढाँचामा वित्तीय जानकारी एकाइमा पठाउनु पर्ने छ । कोषले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जोखिमको आधारमा आफना संस्थाको काम, कारबाही, कार्य, प्रकृति र ग्राहक सेवाको आधारमा शंकास्पद कारोबारको पहिचानको सम्बन्धमा विस्तृत मार्गदर्शन तयार गरी लागु गर्ने र सामयिक रुपमा अद्यावधिक गर्नु पर्नेछ ।

____***___